# सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सूचना

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को दफा ३ मा सामाजिक सञ्जाल सञ्चालन गरेका वा गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरणका लागि आफैं वा आफ्नो प्रतिनिधि मार्फत सोही निर्देशिकाको अनुसूची -१ बमोजिमको ढाँचामा तोकिएका कागजात संलग्न गरी निवेदन दिनुपर्ने व्यवस्था रहेको छ। साथै उल्लिखित व्यक्ति, कम्पनी वा संस्थाले नेपालभित्र सम्पर्क विन्दु, आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्नुपर्ने प्रावधान समेत निर्देशिकामा रहेको छ। उल्लेखित कानुनी व्यवस्था अनुसार हालसम्म Viber Media S.a.r.L, TikTok Pte.ltd. र सारांश मिडिया ल्याव प्रा.लि.(Weetok) यस मन्त्रालयमा सूचीकरण भै सञ्चालनमा रहेका छन् ।

नेपाल भित्र सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गरेका उल्लिखित बाहेक अन्य सम्पूर्ण सामाजिक सञ्जाल प्लेटफर्मले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० बमोजिम ३० दिनभित्र यस मन्त्रालयमा सूचीकरण गर्नुहुन तथा नेपालभित्र सम्पर्क विन्दु, आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनको निगरानी गर्ने अधिकारीको समेत व्यवस्था गर्नु हुन यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराईन्छ। तोकिएको समय भित्र सूचीकरण हुन नआउने सामाजिक सञ्जाल प्लेटफर्मलाई निर्देशिकाको दफा ३ को उपदफा (७) बमोजिम मन्त्रालयले नेपाल भित्र सञ्चालनमा रोक लगाउन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

"सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८०" (नेपाली र अङ्ग्रेजी माध्यम) मन्त्रालयको वेवसाइट (https://mocit.gov.np/) मा राखिएको छ।

**Notice from the Ministry of Communication and Information Technology regarding the Regulation of Social Media Platform Usage**

As per Clause 3 of the "**Directives for Managing the Use of Social Networks, 2023**", the person, company, or institution that are operating or intending to operate social media platforms in Nepal must enlist the network in the Ministry of Communication and Information Technology by submitting an application to the ministry as prescribed in Schedule -1. The application can be submitted directly or through an authorized representative enclosing the required documents. Additionally, the person, company, or institution must establish a Point of Contact, a resident Grievance Handling Officer, and an Officer for Monitoring Compliance with self-regulation. In accordance with the legal provisions, the social media platforms, Viber Media S.a.r.L, TikTok Pte. Ltd and Saransa Media Pvt.Ltd (Weetok) have already been registered and are operating under this system.

All other social media platforms operating in Nepal, except the above-mentioned, are informed to register in the Ministry within 30 days as per the "**Directives for Managing the Use of Social Networks, 2023",** ensuring the above-mentioned provisions and follow the provisions outlined in the guidelines. It is also informed that, social media platforms that fail to register within the specified time could be banned from operating in Nepal under Subclause (7) of Clause 3 of the Directives.

For further details, the "**Directives for Managing the Use of Social Networks, 2023**" (available both in Nepali and English) can be accessed on the official website of the Ministry: https://mocit.gov.np/